नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

भाद्र/आश्विन २०६६ (September 2009) वर्ष १३/अंक १५०

## नेइम मिशन सेवकाई

१. **गढवाल मिशन यात्रा प्रतिवेदन:** नेइम मिशनेरी परिवार, नरेन्द्र, शान्ता र सरोबर हाल भारत गढवालको कोटद्वार भन्ने ठाउँमा सेवकाई गरिरहनुभएको छ । विगत सात वर्षदेखि उहाँहरू भारतमा सेवकाई गरिराख्नुभएको छ । शुरूमा नरेन्द्रको आफ्नो गाउँ बिरूमा र हाल उत्तराखण्डको कोटद्वारमा सेवकाई गर्दै आइरहनुभएको छ। कोटद्वार एउटा सानो शहर हो जसलाई प्राकृतिक रूपमा हाम्रो देशको बुटवल वा हेटौंडासँग दाँज्न सकिन्छ । यो भारतको उत्तराखण्ड प्रदेशमा पर्छ, जहाँ हिन्दूहरूको चारधाममध्ये एक धाम रहेको छ । त्यसैले पनि यो क्षेत्र धार्मिक दृष्टिकोणले अति कठोर, धेरै मठ-मन्दिरहरू भएको र ख्रीष्ट विश्वासीहरूप्रति त्यति राम्रो धारणा नभएको ठाउँ रहेछ । त्यहाँ मिशनेरी भएर रहनु भनेको एउटा ठूलो "आत्मिक लडाईं" हो । त्यहाँ "मुक्ति" को खाँचोमा रहेका मानिसहरू धेरै छन् तर दु:ख लाग्दो कुरोचाहिँ ख्रीष्टियानहरू बस्ने बस्तीलाई "कन्जर बस्ती" भन्दारहेछन् । "कन्जर" को अर्थ निम्न स्तर र असभ्य प्रकारका मानिसहरू भन्ने अर्थ हुन्छ ।

यस्तो पृष्ठभूमिमा सेवकाई गर्नु निकै चुनौतिपूर्ण काम हो । तर पनि यो महान सेवकाईका खातिर जीवनका अनेकौं अवसरहरूलाई माया नगरी उहाँहरूले निकै मूल्य चुकाएर प्रभुको सेवा गरिरहनुभएको छ । उहाँहरूको सेवकाईबाट धेरैले आशिष पाइरहेका छन् । त्यस ठाउँका मानिसहरूले मुक्ति र उद्धार पाई प्रभुमा आनन्दित भएर उहाँको स्तुति आराधना गरेको देख्दा हाम्रो हृदयलाईनै छोइदियो ।

उहाँहरू सुसमाचार प्रचारको लागि त्यस क्षेत्रमा रहेका नेपालीहरू बसेको झुपडी-झुपडीमा पुगेको हामीलाई थाहा भयो । उहाँहरूको सेवकाई नेपालीहरूका बीच मात्र नभई गढवालीहरू र भारतका अन्य ठाउँहरूबाट बसाईं सरेर आएका अन्य मूलका भारतीयहरूका बीच पनि रहेको छ । वास्तवमै उहाँहरूले गरिरहनुभएको सेवकाई प्रभावकारी भइरहेको हामीले पायौं तर यसका लागि मण्डलीको अझ प्रार्थना र सहयोगको खाँचो छ।

उहाँहरूको सेवकाईको अर्को सबल पक्ष भनेको पवित्रआत्माको बहावमा मण्डलीलाई अगुवाई गरिरहनुभएको पनि हो । हामीले पाएको जानकारी अनुसार त्यस भेगमा रहेका पुराना मण्डलीहरूमा कोही रोगी बिरामी वा भूतात्मा लागेका छन् भने प्रार्थनाको लागि उहाँहरूकहाँ नै ल्याउने गरेका रहेछन् । उहाँहरूको सेवकाईद्वारा धेरैले प्रभुबाटको छुट्कारको अनुभव गरेर स्वतन्त्र जीवन जिउन पाई खुशी भएको साक्षी पनि हामीहरूसँग बाँडेका थिए । पवित्र आत्माको सेवकाईको लागि त्यो मण्डली एउटा नमुनाकै मण्डली रहेछ । यसैकारण पनि हुनसक्छ, त्यहाँ स्तुति प्रशंसाको समयमा प्रभुको गहिरो उपस्थितिको अनुभव गर्न सक्यौं । उहाँहरूले निकै जोशिलो प्रकारले हिन्दी भजनहरू तथा हामीले यहाँ गाउने गरेका भजन र कोरसहरू अनुवाद गरी गाउने गरेको पायौं ।

त्यहाँ हुने साप्ताहिक संगतिमा आइतबारको आराधना सेवा, शुक्रबारको दिन उपवास प्रार्थना र मंगलबार साँझमा प्रार्थनाको संगति हुने रहेछ । अन्य दिनहरूमा दुवैजना सुसमाचार प्रचार तथा बोलाइएका घरहरूमा प्रार्थना र सेवकाईको लागि जाने गरेको हामीले पायौं ।

हाम्रो बसाइको अवधिमा ३ जनाले प्रभुलाई ग्रहण गरे भने ३ जनाले पानीको बप्तिस्मा लिए । सायद यो नेइम इतिहासमा नै ऐतिहासिक घटना थियो । नेइम मिशनेरीबाट प्रभुमा डोऱ्याइएका विश्वासीहरूलाई नेइमका पाष्टरले विदेशी भूमिमा बप्तिस्मा दिनुभयो । कोटद्वारमा मण्डली खडा भएकोले प्रार्थनासहित विचार गर्दा नरेन्द्रलाई पाष्टरको रूपमा र शान्तालाई सह-अगुवाको रूपमा अभिषेक गर्नुपर्ने आवश्यकता महसुस भयो र आइतबार अगष्ट २, २००९ का दिन संगतिमा आएका विश्वासीहरूको अघि उहाँहरूलाई अगुवाको रूपमा पाष्टर प्रेम श्रेष्ठद्वारा अभिषेक गरियो । यो अर्को ऐतिहासिक घट्ना भयो । सोही दिनमा पहिलो प्रभुभोजको सेवा पाष्टर प्रेम श्रेष्ठले लिनुभयो । त्यहाँ प्रभुभोज लिनेहरू जम्मा १७ जना थियौं ।

प्रभुको स्तुति होस् कि जुन उद्देश्य लिएर हामी त्यहाँ गएका थियौं त्यो पूरा गर्न सक्यौं । अब कोटद्वारमा पाष्टरसहितको एउटा मण्डली खडा भएको छ । अब निश्चयनै प्रभुको महिमा र मण्डली विस्तार अझ प्रभावकारी रूपमा हुनेछ । गढवालको गाउँ-गाउँ, बस्तीहरू र झुपडीहरूमा सुसमाचार पुग्नेछ मानिसहरूको उद्धार हुनेछ अनि मण्डलीहरू स्थापना हुनेछन् । धेरै बिरामीहरू निको हुनेछन्, भूतात्माबाट छुट्कारा पाउनेछन् र सबै भन्दा मुख्य प्रभुलाई मानिसहरूले चिन्नेछन्। अनि नेपालबाट गढवालको कोटद्वार हुँदै त्यस इलाका भरिनै प्रभुको सुसन्देश पुग्नेछ ।

तसर्थ उहाँहरूको सेवकाईमा प्रभुबाटको सुरक्षाको लागि, प्रभुमा हुर्कँदै गरेका नयाँ विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं । साथै गढवाल क्षेत्रमा रहेका अन्धकारको गढहरूको विरूद्धमा पनि प्रार्थना गरौं । अन्तमा मिशन विभागको अनुमतिमा र मण्डलीको प्रार्थनाको सहयोगमा यो आशिषमय "मिशन ट्रिप" गर्न पाएकोमा हामी परमेश्वर तथा सबैलाई धन्यवाद दिन चाहन्छौं । पाष्टर प्रेम श्रेष्ठ र सबितासँग यो मिशन ट्रिपमा जान पाउनु मेरो अहोभाग्य थियो । यो आशिषमय यात्रा अत्यन्तै अविष्मरणीय पनि भयो।

– डीकनेस् सीता गुरूङ्ग

२. **मुम्बइ मिशन:** नेइम मिशनेरी श्री जेम्स/सेल्भी नेपाली तथा परिवार सन् २००१ को जनवरीदेखि निरन्तर मुम्बईमा बेचिएका चेलीबेटीहरूको बीचमा सेवाकाई गरिरहनुभएको छ । उहाँलाई उक्त काममा बम्बई टीम च्यालेन्ज नामक संस्थाले नेइमसँग सहकार्य गरी सहयोग गर्दै आइरहेको छ । उहाँहरूको मुख्य सेवकाई, देह व्यापारका लागि बेचिएका चेलीबेटीहरूलाई रेडलाइट एरियामा गएर सुसमाचार सुनाउने, उनीहरूलाई संगति दिने र सर-सल्लाह दिएर उद्धार गर्ने काम रहेको छ । हाल उहाँहरू मुम्बईको भाण्डुप सोनापुर भन्ने ठाउँको रेडलाइट एरियामा काम गर्दै हुनुहुन्छ । त्यहाँ उहाँहरूले बेचिएका चेलीबेटी मात्रै नभएर घरवाली (धन्दा संचालन गर्ने) तथा दलालहरूलाई पनि सुसमाचार प्रचार तथा परामर्शको कामहरु गरिरहनुभएको छ । गएको वर्ष अगस्तदेखि उहाँहरूले त्यहाँ काम गर्न शुरू गर्नुभए यता करीब १२०० जना बेचिएका चेलीबेटीहरूलाई सुसमाचार प्रचार गर्ने काम गर्नुभयो जसमा करीब ६०

जना घरवालीहरू र करीब २० जना दलालहरू रहेका थिए । हाल त्यहींका रेडलाइट एरिया भित्रै एउटा संगति पनि रहेको छ, जहाँ करीब २५-३० जना विश्वासीहरू हरेक मंगलबार भेट्ने गरेका छन् । यसै वर्षमा देह व्यापारमा धकेलिएका २० जनालाई रेडलाईट एरियाबाट सुरक्षित उद्धार गर्ने उहाँहरूको लक्ष्य रहेकोमा हालसम्म ३ जना चेलीबेटीको उद्धार भई शिविरमा राखिएको छ भने अरू थप ३ जना ५-७ वर्ष उमेरका बालिकाहरूको पनि उद्धार गरिएको छ । त्यहाँ यसरी काम गर्न घरवाली र दलालहरूबाट निकै खतरा छ र कतिपय समयमा त ज्याननै जोखिममा राखेर काम गर्नुपर्ने हुन्छ । तर पनि प्रभुको सहायताको कारण त्यहाँको सेवकाई निकै प्रभावकारी रहेको छ । प्रार्थनाको उत्तर स्वरूप गएको ९ वर्ष यता नेपाली चेलीबेटीहरूको बेचिने संख्यामा ८० प्रतिशतले कम भएको उहाँको भनाई छ । उहाँहरूको प्रार्थना र सेवकाईको माध्यमद्वारा धेरैले त्यस नारकिय ठाउँबाट छुट्कारा पाएका छन् । हाल त्यस एरियामा नेपाली लगाएत बंगाली र तामील महिलाहरू बेचिएका र बन्धनमा रहेका अवस्थामा छन् तसर्थ तिनीहरूको छुट्काराको लागि र जेम्स/सेल्भी परिवारको सेवकाईको लागि निरन्तर प्रार्थना गरिदिऔं ।

यसबाहेक नेपाली सुसमाचार अभियान संचालन गरी हाल उहाँहरूले बालबाडी (स्कूल नजाने केटाकेटीहरू पढाउने ठाँउ) मा एउटा संगति चलाइराख्नुभएको छ । हरेक आइतबार करीब ३५-४० जना नियमित संगतिमा आउने गरेका छन् साथै त्यहाँ बाल संगति पनि चलाइराख्नुभएको छ । स्कूल नजाने करीब १०० जना बालबालिकाहरू संगतिमा आइरहेका छन् । यस सेवकाईलाई निरन्तरता दिन उहाँहरूकी छोरी स्वीटी हाल पोखरा बाइबल स्कूलमा पढ्दै हुनुहुन्छ । उहाँहरूलाई संगति गर्न र बस्नका लागि पनि एउटा घरको आवश्यक्ता रहेकोले प्रार्थनाको लागि अनुरोध गर्नुभएको छ । उहाँको भनाईमा पैसाले नगर्ने काम प्रार्थनाले गर्छ । यसर्थ उहाँहरूको सेवकाई र परिवारको लागि निरन्तर प्रार्थना गरि दिऔं ।

-नेइम मिशन विभाग

**नेइम मिशनको अनुरोध:**

१. मिशनेरी श्री प्रदीप/फिलोमिना बज्राचार्य हाल पुनेमा सेवकाई गर्दै हुनुहुन्छ । विगत दिनमा स्वाइन फ्लूको कारण केही गाह्रो भएको भए तापनि हाल त्यहाँका विश्वासीहरू स्वस्थ रहेको जानकारी आएको छ । यसकारण पुनेमा भएको नेपाली संगतिको लागि निरन्तर प्रार्थनाको लागि अनुरोध गर्दछौं ।

२. मिशनेरी सुमन/रीना खड्गीले मुम्बईमा सेवकाई शुरू गर्नुभएको छ । उहाँहरूको सेवकाईको लागि र मुम्बईमा फैलिरहेको स्वाइन फ्लूको विरूद्धमा प्रार्थना गरौं ।

३. मिशनेरी लोक/परीना गुरूङ्ग हाल आसाममा सेवकाई गरिरहनुभएको छ र छिट्टै त्यस भेगमा नेपाली संगतिहरू शुरू गर्ने उहाँको बोझ भएको कारण उहाँहरूको सेवकाईको लागि प्रार्थना गरिदिऔं ।

४. मिशनेरी श्री पदम/सावित्री तामाङ्गको सेवकाईमा वृद्धि आइरहेको छ । हाल सिन्धुपाल्चोक घोर्थलीबाट पनि विस्तार हुँदै दोलखाको विगुमा समेत नयाँ संगति शुरु हुन लागेको छ तसर्थ त्यस क्षेत्रको लागि प्रार्थना गरिदिऔं ।

५. मिशनेरी श्री पासाङ्ग डेभिडले मलेशियामा गरिरहनुभएको सेवकाईबाट त्यहाँ काम गर्न गएका धेरै नेपालीहरू आशिषित भइरहेका छन् यसर्थ उहाँको सेवकाईमा प्रभुबाट थप आशिष मागिदिऔं ।

६. मिशनेरी डीकन अब्राहाम र केट श्रेष्ठले हाल यू.के.मा गरिरहनुभएको सेवकाईमा प्रभुको आशिष मागिदिऔं ।

७. मिशनेरी पिटर र एलिशिबा लिम्बुले हाल पोखरा बाइबल स्कूलमा सेवकाई गरिरहनुभएको छ । उहाँहरूको सेवकाईको लागि प्रार्थना गरिदिऔं ।

८. नेइमको नेपालभित्र र नेपाल बाहिर रहेका सम्पूर्ण शाखा/आवद्ध मण्डली तथा अगुवाहरूको लागि निरन्तर प्रार्थना गरिदिऔं । हाल २३ जिल्लाहरूमा र भारतमा नेपालको शाखा/आवद्ध मण्डली रहेको जानकारी गराउँदछौं । आउँदा दिनहरूमा ७५ वटै जिल्लामा शाखा/आवद्ध मण्डली शुरू हुन सकोस् र काम गर्ने प्रभुका जनहरू पनि खडा हुन सकून् भनेर प्रार्थना गरौं ।

## सेप्टेम्बर महिनाको कार्यक्रम

- ✦ भाद्र २१ गते/सेप्टेम्बर ६ ता. आइतबार **नेइम परिषदको बैठक** बिहान १०:०० बजे जोरपाटी मण्डलीमा
- ✦ आश्विन १ गते/सेप्टेम्बर १७ ता. बिहीबार **महिला उपवास प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै मण्डलीमा
- ✦ आश्विन ११-१२ गते/सेप्टेम्बर २७-२८ ता. आइतबार-सोमबार **शरद सम्मेलन** आ-आफ्नै मण्डलीमा बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार<br>शनिबार<br>शनिबार | बिहान ८:०० र ११:०० बजे<br>बिहान ९:०० र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट<br>महिनामा दुईपल्ट | ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ<br>जोरपाटी, |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ वानेश्वर |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरुको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा | सुन्दरीजल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भाद्र २७ गते, सेप्टेम्बर १२ ता. | पाष्टर सामुएल कार्थक | पाष्टर महेश थाँजु | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | पाष्टर दफ्तन सादा | श्रीमती रश्मी तामाङ्ग | डीकन सागर थापा | पाष्टर अशोक मुखिया | डीकन दानिएल सापकोटा | श्रीमती सारा खालिङ | श्रीमती सुमित्रा तामाङ्ग | पाष्टर एस. सोदेम्बा |
| आश्विन ३ गते, सेप्टेम्बर १९ ता. | पाष्टर रोबर्ट कार्थक | डीकनेस् ग्रेस खालिङ डीकनेस् श्रीलक्ष्मी सैंजु | पाष्टर राजेन्द्र रोंगोंग | डीकन छोदेन कार्थक | डीकन रूबेन श्रेष्ठ | श्री मान ब. मगर | संयुक्त सेवा जोरपाटी चर्च | डीकन अर्जुन ढकाल | संयुक्त सेवा जोरपाटी चर्च | श्री किशोर खालिङ्ग | डीकनेस् अमृता कार्थक | संयुक्त सेवा जोरपाटी चर्च |
| आश्विन १० गते, सेप्टेम्बर २६ ता. | डीकन सामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक पाष्टर जीवन गुरूङ्ग | शरद सम्मेलन जोरपाटी चर्च | पाष्टर प्रेम श्रेष्ठ | डीकनेस् श्रीलक्ष्मी सैंजु | पाष्टर अशोक मुखिया | शरद सम्मेलन जोरपाटी चर्च | श्री सुरेश पुरकोटी | शरद सम्मेलन जोरपाटी चर्च | डीकनेस् सीता गुरूङ्ग | डीकनेस् निर्मला ढुङ्गेल | शरद सम्मेलन जोरपाटी चर्च |
| आश्विन १७ गते, अक्टोबर ३ ता. | पाष्टर राजेन्द्र रोंगोंग | पाष्टर बी.बी. खवास | पाष्टर प्रेम श्रेष्ठ | एल्डर के.बी. तामाङ्ग | श्री सिमोन भण्डारी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री कृष्ण श्रेष्ठ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर एस. सोदेम्बा | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च | डीकन सागर थापा |

## हार्दिक बधाई



**श्री वीरमान सिंह तामाङ्ग**
**र**
**सुश्री जूली रचना खवास**

श्रावण १८ गते/अगष्ट २ ता. आइतबार ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



**श्री जीवन सुनुवार**
**र**
**सुश्री रेखा ज्ञवाली**

श्रावण ३२ गते/अगष्ट १६ ता. आइतबार ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. आदरणीय पाष्टर गुरूबा हङ्गकङ्गमा रहेका नेपाली मण्डलीहरूको सम्मेलनहरूमा वचनको सेवकाईको लागि आश्विन १३ गते/सेप्टेम्बर २९ ता. मंगलबार जाँदैहुनुहुन्छ । उहाँको सेवकाई, यात्रा साथै हङ्गकङ्गमा भएका नेपाली मण्डलीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति एकता, प्रेम, मेल मिलापको लागि प्रार्थना गरिदिऔं ।

३. आउँदा दिनमा हुन लागेका सम्मेलनहरू तथा सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुने साथै सेवकाईको लागि विभिन्न मण्डलीहरूमा जानुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी

- नेइम बाल संगतिले ज्ञानेश्वर, ललितपुर, जोरपाटी र गोंगबूँ बीच मैत्रीपूर्ण फूटबल खेलको आयोजना गरिएको थियो । उक्त खेलको श्रावण १० गते/जुलाई २५ ता. शनिबार ललितपुर र जोरपाटीबीच भएको फाइनल खेलमा ललितपुर बाल संगति विजय भएको थियो । सो समयमा मण्डलीका गुरूजनहरूबाट सहभागी टीमहरूलाई प्रमाण-पत्र प्रदान गर्नुको साथै विजयता टीमलाई ट्रफी पनि प्रदान गरिएको थियो ।
- श्रावण २२ गते/अगष्ट ६ ता. बिहीबार नेइम ज्ञानेश्वर मण्डलीको १७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।
- श्रावण २५ गते/अगष्ट ९ ता. आइतबार नेइम ललितपुर अन्तरगतको पनौती मण्डलीको १७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।
- श्रावण २५ गते/अगष्ट ९ ता. आइतबार नेइम जोरपाटी अन्तरगतको सुन्दरीजल संगति आदरणीय पाष्टर गुरूबाले प्रार्थना गर्नुभई पाष्टर एस. सोदेम्बाद्वारा उद्घाटन गर्नुभयो ।
- श्रावण ३१ गते/अगष्ट १५ ता. शनिबार नेइम ललितपुर मण्डलीका ८ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## जानकारी



कपन बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य **हर्क कुमारी राई** ९० वर्षको उमेरमा २०६६ भाद्र ११ गते/२००९ अगष्ट २७ ता. बिहीबार प्रभुमा सुत्नुभयो ।

## दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२१** 6<br>आज हुने नेइम परिषद्को बैठकमा पारित हुने निर्णयहरूमा पवित्र आत्माको सहायता मागौं ।<br>भजनसंग्रह ३३:१०-१२ | **२८** 13<br>मण्डलीलाई अगुवाई गरिरहनुभएकाहरू एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ | **४** 20<br>नेपाल देशमा रहेका सम्पूर्ण साना ठूला मण्डलीहरू साक्षीको जीवन जिउन सकून् र प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:१-२ | **११** 27<br>वचनको सेवकाईको निम्ति शाखा/आवद्ध मण्डलीहरूमा जानुभएकाहरूको सुरक्षा साथै सेवकाईको लागि प्रार्थना गरिदिऔं ।<br>प्रस्थान २३:२० |
| **सोमबार MONDAY** | **२२** 7<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू साथै अरू समय र ठाउँहरूमा पनि प्रार्थना सभाहरू र प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>मत्ती १८:१९:२० | **२९** 14<br>ख्रीष्ट येशूलाई विश्वास गर्ने सबैले पुनरूत्थान-विजयको जीवन जिउन सकून् ।<br>रोमी ६:१-१४ | **५** 21<br>ख्रीष्ट येशू प्रभुलाई विश्वास गरी पानीको बप्तिस्मा लिनुभएकाहरू आखिरी समयसम्म विश्वासमा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>मत्ती २४:१३ | **१२** 28<br>शरद् सम्मेलनमा सुनेको वचनमा सबै आज्ञाकारी भएको कारण परिवार-परिवारबाट परमेश्वरलाई महिमा भएको होस् ।<br>यशैया ५०:४-८ |
| **मंगलबार TUESDAY** | **२३** 8<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरू निम्ति आशिष्को कारण बन्न सकून् ।<br>२ कोरिन्थी ६:३-१० | **३०** 15<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटीहरू चढाउने काममा सधैं इमान्दारी भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-११ | **६** 22<br>विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाइमा परमेश्वरको आशिष र उन्नति मागिदिऔं ।<br>व्यवस्था २८:८-१३ | **१३** 29<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकून् ।<br>लेवी २६:१२-१३ |
| **बुधबार WEDNESDAY** | **२४** 9<br>घरेलु संगतिका क्षेत्रहरू अझै बढेर फैलिएर जान सकून् र अगुवाई गर्नको लागि बोझ र दर्शन पाएका अगुवाहरू पनि तयार हुन सकून् ।<br>यशैया ५४:२-३ | **३१** 16<br>भोलि हुने उपवास प्रार्थनाद्वारा व्यक्तिगत जीवनमा, पारिवारिक क्षेत्रमा, मण्डली, समाज र देशमा अझै आशिष् बगेको होस् ।<br>१ कोरिन्थी २:९ | **७** 23<br>प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनको सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनेहरू हुन सकौं ।<br>हबकूक ३:१७-१९ | **१४** 30<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ |
| **बिहीबार THURSDAY** | **२५** 10<br>मण्डलीका सबै बाबु-आमाहरू अझ परमेश्वर पितालाई प्रेम गर्दै परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-६ | **१ आश्विन** 17<br>मण्डली परिवारहरू सधैं एकअर्कालाई वास्ता गर्ने, प्रेम गर्ने र मेलमिलापमा सधैं रहिरहनेहरू हुन सकून् ।<br>कलस्सी ३:१२-१७ | **८** 24<br>चाडपर्वको समयमा अधूरा घर परिवारमा भएका विश्वासीहरू सबै परिस्थितिहरूमा आफ्नो विश्वासमा स्थिर र अटल भई प्रभुमा रहिरहन सकून् ।<br>यूहन्ना १६:३३ | **१५** October 1<br>भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |
| **शुक्रबार FRIDAY** | **२६** 11<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुन सकून् ।<br>१ यूहन्ना २:१५-१७ | **२** 18<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | **९** 25<br>भोलि हुने आराधना सेवामा प्रचारिएको वचनद्वारा मण्डलीको आत्मिक स्तरमा वृद्धि आएको होस् ।<br>कलस्सी २:६-८ | **१६** 2<br>आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्न मन, प्राण, आत्मा र शरीरको तयारीमा आउन सकून् ।<br>भजनसंग्रह ४:१-७ |
| **शनिबार SATURDAY** | **२७** 12<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभए आत्मिक रूपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>मत्ती ६:१-४ | **३** 19<br>बाल संगतिका सबै बाल बालिकाहरू सानैदेखि प्रभुमा बढ्दै जान सकून् साथै सबै शिक्षक/शिक्षिकाहरूको सेवकाईमा आशिष् मागिदिऔं ।<br>यशैया ५४:१३ | **१०** 26<br>भोलिबाट शुरू हुने शरद् सम्मेलनमा वचनको सेवकाई गर्नुहुनेहरू साथै वचन सुन्ने मण्डलीको लागि प्रार्थना गरौं ।<br>यर्मिया २९:११-१३ | **१७** 3<br>वृद्धावस्थामा पुग्नुभएकाहरूको सुस्वास्थ्य साथै यो उमेरमा प्रभुको नजीक भएर प्रशंसा र प्रार्थना गरिरहनेहरू हुन सकून् ।<br>भजनसंग्रह ९२:१२-१४ |

**"तर तँ, ए इस्राएल मेरो दास, याकूब, जसलाई मैले छानेको छु । मेरो मित्र अब्राहामको वंश, तँलाई मैले पृथ्वीको अन्तदेखि समातेर ल्याएँ, र पृथ्वीको पल्लो छेउदेखि तँलाई बोलाएँ । मैले भनें, 'तँ मेरो दास होस् ।' मैले तँलाई छानेको छु र तँलाई इन्कार गरेको छैनँ । यसैले नडरा, किनकि म तँसित छु । निरूत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पार्नेछु । म तँलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने हातले म तँलाई सम्हाल्नेछु ।**

यशैया ४१:८-१०



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nim.org.np